आ.व. २०८२।०८३
वैठक:- नगर कार्यपालिका वैठक
अध्यक्षता:- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

वैठक नं. ०३।०८२।०८३
मिति:-२०८२।०६।२६ गते
स्थान:- ता.न.पा मिनिहल
समय:-, दिउसो १.०० बजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

**उपस्थिति**

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार वस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

| | | | |
|---|---|---|---|
| श्री मेजर सिह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री चेतनाथ गिरी | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |

CamScanner

**निर्णय नं. १**
तानसेन नगरकार्यपालिकाको मिति २०८२।०५।११ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं. २**
शोभा निर्माण सेवा प्रा.लि. र सजा निर्माण सेवा प्रा.लि. ले "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र पाउं भनि आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश गरेकोमा तानसेन नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धि कार्यविधि २०७४ को अनुसूची ५ बमोजिमको आवश्यक योग्यता भएको चेक जाँच गरी तानसेन नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सिफारिस समितिबाट सिफारिस भई आएकोले तपसिल बमोजिमको फर्मलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

१) फर्मको नाम: शोभा निर्माण सेवा प्रा.लि.
फर्मको ठेगाना: ता.न.पा. वडा नं. ८, पाल्पा
प्रोपराईटर: गोकुल पुलामी
प्रोपराईटरको ठेगाना: तानसेन नगरपालिका वडा नं. ८, पाल्पा

२) फर्मको नाम: सजा निर्माण सेवा प्रा.लि.
फर्मको ठेगाना: ता.न.पा. वडा नं. ७, पाल्पा
प्रोपराईटर: जानुका कार्की
प्रोपराईटरको ठेगाना: तानसेन नगरपालिका वडा नं. ७, पाल्पा

**निर्णय नं. ३**
तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय र वेदांशी इन्फ्रास्ट्रक्चर प्रा.लि. बीच Contract ID NP-DUDSC-403917-CW-RFB **(डुम्रे-सुन्डाँडा-तेल्घां-गुफाचौर-गाउनडांडा-सल्लाघारी,हुलाङ्दी सडक सुधार)** निर्माण कार्य 17 june 2025 मा सम्पन्न गर्ने गरी 3 May 2024 मा सम्झौता भई कार्य सञ्चालन भएकोले मिति २०८२।०३।०८ मा कार्यपालिकाको बैठकबाट प्रथम पटक (६७ सतसठ्ठी) दिन 23 Aug 2025 सम्म म्याद थप गरिएकोमा निर्माण व्यवसायीबाट दोस्रो पटक 1st Aug 2025 मा बिभिन्न कारण देखाई म्याद थप गर्न Project Manager (DSC) लाई पत्रचार गरिएको र DSC (Aviyaan CEMECA-MOONLIGHT JV) बाट ६२ (बैसठ्ठी) दिन म्याद थप गर्न मनासिव देखि सिफारिस गरिएको र सोही सिफारिस सहित मिति २०८२।०५।१७ गते नेपाल शहरी शासकीय तथा पुर्वाधार आयोजना, आयोजना समन्वय कार्यालय बबरमहल काठमाण्डौलाई म्याद थप गर्न अनुमती माग गरिएकोमा मिति २०८२।०६।२४ को पत्र मार्फत ६२ (बैसठ्ठी) दिनका लागी (२४ अगस्त २०२५) सम्मका लागि म्याद थप गर्न सकिने सिफारिस भएको हुँदा सार्वजनिक खरीद ऐन २०६३ को दफा ५६ को उपदफा २ र सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२० अनुसार हुनेगरी म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**
तानसेन नगरपालिकाको लागि दलित सशक्तिकरण तथा विकास समितिलाई पुणता दिनतोकिए बमोजिम सदस्य मनोनयन गरी तपसिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

अध्यक्ष :नगर प्रमुख श्री सन्तोष लाल श्रेष्ठ
उपाध्यक्ष :श्री दिनेश गन्धर्व, कार्यपालिका सदस्य (दलित जनप्रतिनिधी मध्येवाट)

बैजनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

सदस्य :श्री मञ्जु वि.क. वडा नं. १ (स्थानीय दलित सदस्यहरु मध्येबाट प्रमुखले तोकेको)
सदस्य :श्री ............................ (स्थानीय दलित सदस्यहरु मध्येबाट प्रमुखले तोकेको)
सदस्य :श्री तिर्थ गौतम, ता.न.पा ३ (पालिकाका उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाबाट)
सदस्य :श्री विजय दर्नाल ता.न.पा १ (स्थानीय तहका जनस्वास्थ्य वा अस्पताल प्रमुख मध्येबाट)
सदस्य :श्री अनिता वि.क. ता.न.पा १४ (दलित अधिकारको क्षेत्रमा कम्तिमा ३ वर्ष देखि कार्य गर्दै आएका दलित समुदायका व्यक्तिहरु मध्येबाट)
सदस्य :श्री सन्तोष बौडेल, ता.न.पा ८ (दलित अधिकारको क्षेत्रमा कम्तिमा ३ वर्ष देखि कार्य गर्दै आएका दलित समुदायका व्यक्तिहरु मध्येबाट)
सदस्य सचिव :प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ५**

श्री ७ रणउजिरेश्वरी राष्ट्रिय भलिबल प्रतियोगिताका लागि भएको महिला तर्फको पुरस्कार व्यहोर्ने गरी रु. ७५,०००।- सहयोग माग गरी निवेदन पेश भएकोमा आ.व. २०८२/०८३ को सि.नं. २०९ कोड नं. ६११.२२.१.५२७ शिर्षकबाट बजेट रकम रु. ७५५०० व्यवस्था गरी भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ६**

जिल्ला प्रहरी कार्यालय पाल्पाको प्राविधिक सहयोगमा तानसेन नगरपालिकाले प्रकाशन गरेको सुरक्षा सचेतना सम्बन्धी पुस्तक प्रकाशन गर्दा लागेको खर्च रकम रु. ४१,८१०।- आ.व. २०८२/०८३ को सि.नं. १०७ कोड नं. ६११.२२.१.६१४ शिर्षकबाट बजेट व्यवस्था गरी भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ७**

तानसेन नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) का लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान जावलाखेल ललितपुरबाट पेश भएको प्रस्तावना बमोजिम प्रतिष्ठानको तर्फबाट रु. १,०५,०००।- (रु. एकलाख पाँच हजार) नगरपालिका तर्फबाट व्यहोर्नु पर्ने रकम रु. ४,९९,५६६।- अक्षरुपी रु. चारलाख उनान्सय हजार पाँचसय छैसठ्ठी लागत सहभागिताका लागि प्रतिबद्धता जनाउने साथै उक्त कुल बजेट रकम रु. ६,०४,५६६।- (रु. छ लाख चार हजार पाँचसय छैसठ्ठी) तोकिए अनुसारको कार्यसम्पन्न भए पश्चात आ.व. २०८२/०८३ का सि.नं. १२२ कोड नं. ६११.२२.१.६०९ खर्च शिर्षकबाट भुक्तानि दिने निर्णय गरियो।

**निर्णय नं. ८**

नेपाल पर्यटन वोर्ड सँगको सहकार्यमा सम्झौता अनुसार पर्यटन बोर्डबाट रु. २५,००,०००।- र नगरपालिबाबाट २५,००,०००।- र स्थानीय समुदायबाट रु. २,००,०००।- गरी कुल ५२,००,०००।-बाट विभिन्न कार्यक्रम सञ्चालन गर्ने र सोका लागि नगरपालिकाबाट व्यहोर्नु पर्ने रकम रु. २५,००,०००।- (अक्षरुपी रु. पच्चिस लाख मात्र) लागत सहभागिता जनाउने र उक्त रकम **सि.नं. ४८ कोड नं. ६११.२२.१.६७७ बाट भुक्तानी गर्ने** निर्णय गरियो।

**निर्णय नं. ९**

तानसेन नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा ग्रामीण आर्थिक विकास संघ रेडा पाल्पाको सहजीकरणमा संचालित तानसेन आर्थिक विकास परियोजना (TEDP) अन्तर्गत मिति २०८२।०५।१६ गतेका दिन पोखरामा सम्पन्न भएको पि.एम.सि.सि को बैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री सन्तोषलाल श्रेष्ठ ज्युको अध्यक्षतामा बसि आ.व २०८२।०८३ (FY26) परियोजनाको कार्य योजना निर्माण तथा अनुमोदन विषयमा छलफल गर्दा पालिका तर्फको रु.१,४८,०८,०००।- (अक्षेरुपी एक करोड अठचालिस लाख आठ हजार मात्र) विनियोजन भएको र वडाहरु तर्फ कृषि तथा पशु विकाश

दीर्घनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

CamScanner

शाखाको बजेट रु.४७,९०,०००।- (अक्षेरुपी सतचालिस लाख नब्बे हजार मात्र) र हेफर प्रोजेक्ट नेपालबाट थप साझेदारी लगानी ३०% ले हुन आउने रु १४,३७,०००। समेत समावेश गरि संशोधित सम्झौता गर्ने र सम्झौतामा देहाय बमोजिमको बजेट तथा कार्यक्रम समायोजन गरी उक्त कार्यक्रम तथा सम्झौता संशोधन गर्ने निर्णय गरियो ।

तपशिल :

| क.स | बजेट शिर्षक | योजना संख्या | बजेट रु | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि कार्यक्रम (बिउबिजन वितरण) | १ | १००००० | वार्ड न १ कार्यक्रम |
| २ | कैलाश कृषि समूहलाई कृषि सामाग्री खरिद | १ | १००००० | वार्ड न ५ कार्यक्रम |
| ३ | कृषि यान्त्रिक उपकरण खरिद | १ | ५००००० | वार्ड न ५ कार्यक्रम |
| ४ | कृषि तथा पशु र बीउ बीजन कार्यक्रम | १ | १००००० | वार्ड न ६ कार्यक्रम |
| ५ | कृषि कार्यक्रम | १ | १००००० | वार्ड न ७ कार्यक्रम |
| ६ | कृषि बिकास कार्यक्रम | १ | २००००० | वार्ड न ८ कार्यक्रम |
| ७ | कृषि बिकास कार्यक्रम | १ | ३००००० | वार्ड न ९ कार्यक्रम |
| ८ | पशुपक्षी बिकास कार्यक्रम | १ | २००००० | वार्ड न ९ कार्यक्रम |
| ९ | कृषि औजार वितरण (५०% अनुदानमा) | १ | ५००००० | वार्ड न १० कार्यक्रम |
| १० | कृषि बीउ बीजन वितरण (५०% अनुदानमा) | १ | १००००० | वार्ड न १० कार्यक्रम |
| ११ | मल्चिग प्लास्टिक, बीउ बीजन, मौरीपालन, कुखुरा पालन अनुदान | १ | ४००००० | वार्ड न ११ कार्यक्रम |
| १२ | हाते ट्याक्टर, कम्बाइन मिल | १ | ३५०००० | वार्ड न ११ कार्यक्रम |
| १३ | गाई भैसी पालन अनुदान | १ | ४००००० | वार्ड न ११ कार्यक्रम |
| १४ | पशु स्वास्थ्यको लागि मिनिरल क्याल्सियम वितरण | १ | ००० | वार्ड न १२ कार्यक्रम |
| १५ | कृषि जन्य बीउ बीजन तथा बालि संरक्षण कार्यक्रम | १ | ००० | वार्ड न १२ कार्यक्रम |
| १६ | कृषि यान्त्रिकरण सामाग्री खरिद तथा पशू कार्यक्रम (५०% अनुदानमा) | १ | १०००००० | वार्ड न १३ कार्यक्रम |
| १७ | कृषि बालि संरक्षण कार्यक्रम | १ | १४०००० | वार्ड न १४ कार्यक्रम |
| १८ | आलु महोत्सब तथा कृषि पशुपालन अनुदान तथा सम्मान | १ | ३००००० | वार्ड न १४ कार्यक्रम |
| कुल बजेट | | | ४,७९०,००० | |

**निर्णय नं. १०**

तानसेन नगरपालिकाको आ.व. २०८२/०८३ को मिति २०८२ आस्विन २६ गते सम्मको आम्दानी रु. ३६,८७,६७,१४०। र खर्च रु. १६,१६,६२,१३०।३२ स्वीकृत गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल पाल्पा शाखाले पेश गरेको प्रस्ताव बमोजिम २०८२ सालको दिपावलीको अवसरमा देउसी भैलो सांस्कृतिक कार्यक्रम सञ्चालन गर्न श्रीनगर सांस्कृतिक डबली निशुल्क उपलब्ध गराउने साथै आर्थिक सहभागिता वापत रु. ३५,०००।- आ.व. २०८२/०८३ को सामाजिक विकास कार्यक्रम तर्फ सि.नं. ११६ कोड नं. ६११.२२.१.६१९ बजेट शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

**निर्णय नं. १२**

श्रीनगर सरसफाई टोलीले विगत केहि महिना अगाडि देखि प्रत्येक हप्ता श्रीनगर सरसफाई कार्यक्रम सञ्चालन गरी श्रीनगर क्षेत्रको सरसफाईमा महत्वपूर्ण योगदान गर्दै आएको सन्दर्भमा उक्त टोलीले सरसफाईमा खटिने सदस्यहरुलाई टि-सर्ट उपलब्ध गराउनका लागि अनुरोध गरी निवेदन पेश गरेको हुँदा **श्रीनगर सौन्दर्यकरण शिर्षकबाट** रु. १५,०००।- बराबरको रकम टिसर्ट खरिद गर्नका लागि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३**

लुम्बिनी प्रदेश पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. ११ स्थित खयरतुंङ्ग क्षेत्र अन्तर्गत बसन्त बहादुर कार्कीको नीजि स्वामित्वमा रहेको कित्ता नं. ८४ को जग्गाको गह्रासुधार कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षणको लागि भैरव फर्निसिङ्ग स्टील एण्ड सप्लायर्स सैनामैना ०३, रुपन्देहीले कार्यसूची सहित निवेदन पेश गरेको हुँदा उक्त कार्यक्रम संचालनका लागि नियमानुसार हुनेगरी कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १४**

नेपालका चारधाम मध्येको एक धार्मिक एंव सास्कृतिक धरोहरको रुपमा रहेको नेपालकै एक प्रसिद्ध तिर्थस्थलको ता.न.पा १४ रिडी स्थित ऋषिकेशव मन्दिरको कार्तिक शुक्ल द्वादशीका दिन मनाईने सिन्दुरयात्रा (रथयात्रा) को अवसरमा तानसेन नगरकार्यपालिकाको कार्यालय र मातहतका सवै निकाय साथै शैक्षिक संस्थाहरुमा स्थानीय सार्वजनिक बिदा दिने निर्णय गरियो ।

चेतनाथ तिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख